# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असोज ३ गते २०४२ साल ( पूर्वाितिरक्ताङ्क २७ (क)

## भाग ३

### श्री ५ को सरकार
### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयानुसार गठन भई कार्यरत रहेका (१) झापा जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (२) मोरङ, सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (३) नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (४) रूपन्देही, कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (५) बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (६) कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (७) कञ्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, (८) मकवानपुर, चितवन जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिका अध्यक्षहरूले उक्त समितिहरू कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी देहायका कानूनअन्तर्गतका निम्नलिखित अधिकारहरू प्रदान गरिएको छः–

(१) सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी उक्त समितिहरूको अध्यक्षले सोही ऐनको दफा ३ को उप-दफा (१)को खण्ड (ख) र (घ) बमोजिमको अवस्थामा उक्त उप-दफा बमोजिमको अधिकार,

(२) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी :–

(क) वन ऐन, २०१८ को दफा ३, ८ र सो ऐनअन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा ३ र सो ऐनअन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू,

(ग) जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नाप जाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ बमोजिमको अधिकारीको अधिकार,

(घ) मालपोत ऐन, २०३४ को दफा २४ को उप-दफा (४), दफा २९ र ३० बाहेक अन्य दफाअन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू,

(ङ) मालपोत ऐन, २०३४ को दफा २६ को उप-दफा (१) र मालपोत नियमावली, २०२६ को नियम १६ को उप-नियम (१) बमोजिम तोकिएको समितिको अधिकार उपरोक्त जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति-हरूले पनि प्रयोग गर्नेछन् ।

(च) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६, ६ (क), ६(ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू ।

(३) निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी उक्त समितिहरूमा खटी जाने निजामती कर्मचारी र सम्बन्धित वन डिभिजन कार्यालयअन्तर्गतका कर्मचारीको हकमा उक्त समितिको अध्यक्षलाई सो नियमावलीको अनुसूची १(क) मा समावेश गर्ने गरी तोकिएको छ ।

आज्ञाले,

जितेन्द्रलाल मास्के

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

270